**मितिः २०८१।१।३१ गते, समयः ११:०० वजे दिनको, बैठक संख्याः ५१**

## कार्यपालिकाको वैठकका निर्णयहरु

**प्रस्ताव नं. १**: अघिलो बैठकका निर्णयहरुको समिक्षा।

**निर्णयः** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो। कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने।

**प्रस्ताव नं. २**: कक्षा थप अनुमति सम्बन्धमा।

**निर्णयः** अमरगढी नगरपालिका अन्तर्गत संचालित संस्थागत विधालय श्री आइन्सटाइन पब्लिक स्कूललाई कक्षा ६ थप गर्ने अनुमानित प्रदान गर्ने।

**प्रस्ताव नं. ३**: आगामि आव २०८१।०८२ को योजना तथा बजेट तर्जुमा सम्बन्धमा।

**निर्णयः** आगामि आव २०८१।०८२ को योजना तथा बजेट तर्जुमा सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ अनुरुपको प्रकृया पुरा गरि कार्यपालिकामा पेश गर्न कार्यालयलाई निर्देशन दिने।

**प्रस्ताव नं. ४**: डकले बसपार्क निर्माण कार्यकालागी भएको खर्च भुक्तानी सम्बन्धमा।

**निर्णयः** वडा नं ५ र ८ मा रहेको डकले बसपार्क निर्माणको लागि प्रतिवेदन तयार गरि वन विभागमा पेश गर्ने प्रयोजनकालागि डिभिजन वन कार्यालयका कर्मचारीहरुले गरेको कार्यको खर्च भुक्तानी गर्ने र वडा नं ५ का वडा सदस्य श्री दिपक पाठकले गरेको कार्यको लागि रु ३० हजार भुक्तानी दिने।

**प्रस्ताव नं. ५**: GIZ/GRAPE परियोजनाको गोठसुधार कार्यक्रम संचालन सम्बन्धमा।

**निर्णयः** वडा नं ३ र ४ GIZ/GRAPE परियोजनाबाट संचालित गोठ सुधार कार्यक्रमको दरभाउ पत्र आह्वान गर्दा सोइलिंग कार्य छुट भएकोमा उक्त योजनाको बचत बजेटबाट सम्बन्धित निर्माण कर्ताबाट गर्ने।

**प्रस्ताव नं. ६**: रोजगार सेवा केन्द्रको भौतिक संरचना निर्माण सम्बन्धमा।

**निर्णयः** रोजगार सेवा केन्द्रको भौतिक संरचना निर्माण तर्फको मध्ये ५ लाख ५० हजारको कार्यालय हाता भित्रको संरचना निर्माण गर्ने।

**प्रस्ताव नं. ७**: नमुना रोजगार सेवा केन्द्रबाट तालिम संचालन सम्बन्धमा।

**निर्णयः** रोजगार सेवा केन्द्रबाट छनौट भएको तालिम कार्यक्रमलाई सिप विकास गरि पदस्थापना गर्ने गरि सेवा केन्द्रले तय गरेका तालिमका क्षेत्रमा तालिम संचालन गर्ने।